# सायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुदिलेगडा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः ०७७/०७८
च. नं. ५४

मितिः २०७७/०४/२३

**प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

**( प्रथम पटक प्रकाशित मितिः- २०७७-०४ -२३ )**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ( प्रधानमन्त्री रोजगार कार्यक्रम ) प.स .२०७७।०७८ च.न .२३ को मिति २०७७।०४।१२ को पत्रानुसार यस सायल गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| सि.न. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः**

( क ) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

( ख ) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ

* कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको
* पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान , सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने , आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव , पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

( ग ) उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

२ दरखास्त दिने स्थान : सायल गाउँकार्यपालिकाको कार्यालय दुदिलेगडा, डोटी

३ दरखास्त दिने अन्तिम मितिः सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (२०७७/०५/०६ ) सम्म

४. आवेदनको दस्तुरः- रु. ५०० (पाँच सय मात्र) ।

५. छनौटको किसिमः- प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु

* नागरिकता प्रमाणपत्र
* न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
* चारित्रिक प्रमाण पत्र
* अनुभव खुल्ने कागजात
* पासपोर्ट साइजको फोटो २ प्रति

७ ) सेवा सुविधाः - गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

८ ) पदले सम्पादित गर्नुपर्ने कार्यविवरणःगाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।

**नोटःआवेदनको ढांचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ।**

नवराज सापकोटा
नि. प्रमुख प्रशासकीय अधिकृत